नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौ

# सूचना

यस बर्षको बडादशैं, तिहार र छठ पर्वमा काठमाण्डौ उपत्यकाबाट बाहिर जाने र बाहिरका जिल्लाहरुबाट काठमाण्डौ उपत्यकामा प्रवेश गर्ने यात्रुहरुको यात्रालाई सहज र सुरक्षित बनाउनको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, सडक विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी समेतका सरोकारवालहरुको मिति २०७९ भदौ २२ गतेको बैठकबाट देहाय बमोजिमका निर्णयहरु भएकोले निर्णयको कार्यान्वयनमा सहयोग गर्न एवं जानकारीका लागि सबै सरोकारवालाहरुसँग यातायात व्यवस्था विभाग अनुरोध एवं अपेक्षा गर्दछ ।

## निर्णयहरु

१. चाडपर्वलाई लक्षित गरी यातायात व्यवस्थापनमा सहजता ल्याउनको लागि सार्वजनिक यातायात सेवा प्रदायकहरुले मध्यम तथा लामो दूरीका सार्वजनिक यातायातको मिति २०७९ असोज १ गते शनिवार देखि अग्रिम टिकट बुकिङ खुला गर्ने ।

२. यातायात व्यवसायीहरूले अग्रिम टिकट बुकिङ गर्दा यथाशक्य अनलाइन बुकिङ गर्ने व्यवस्था मिलाउने। अनलाइन टिकट बुकिंग गर्ने यात्रुलाई यातायात व्यवसायीहरुले यथाशक्य छुट वा सहुलियत समेत प्रदान गर्ने/गराउने ।

३. अग्रिम टिकट बुकिङ्ग तथा उपत्यकाबाट बाहिरिने र उपत्यकामा भित्रिने यात्रुवाहक सवारी साधनको यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, उपभोक्ता मञ्च, व्यवसायी र मजदूरहरूसँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने/गराउने ।

४. कोभिड-१९ को महामारीलाई मध्यनजर गरी मास्कको प्रयोग गर्न लगाउने साथै अन्य स्वास्थ्य मापदण्ड पालना गरी सवारी सञ्चालन गर्ने। यसका लागि यात्रुलाई खाना/खाजा खुवाउने स्थानमा भिडभाड नहुने गरी व्यवस्था गर्ने/गराउने।

५. अनधिकृत काउन्टर र परिचय पत्र नभएका व्यक्तिहरुबाट टिकट बिक्री गर्ने कार्यलाई पूर्णतयाः निरुत्साहित गर्ने/गराउने।

६. मुख्य सडकलाई मर्मत/संभार गरी यातायात सञ्चालनलाई सहज बनाउन सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने ।

७. आवश्यक सवारी साधनहरुको व्यवस्था यातायात व्यवसायीले गर्ने/गराउने ।

८. यातायात आवागमनमा सहज बनाउन खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरुको ढुवानी गर्ने बाहेकका ट्रेलर लगायतका ठूला सवारी साधनहरु मिति २०७९/आश्विन १५ गतेदेखि २२ गतेसम्म नारायणघाटदेखि काठमाडौसम्म सञ्चालन गर्न रोक लगाउने ।

९. यात्रुवाहक सवारी साधनलाई घटस्थापनादेखि पूर्णिमासम्म नेपालभर लागू हुने गरी रुट परमिट खुला गर्ने। तर कुनै बाटोको विशेष प्रकृतिका कारण सो बाटोमा चल्न निषेध गरिएका आकार-प्रकारका सार्वजनिक सवारीहरुलाई भने सो बन्देज कायमै रहने ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौ

ईश्वरी दत्त पनेरु
(सूचना अधिकारी /निर्देशक)